दुल्लू नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ संख्या : ४ २०७९ साल जेठ ३१ गते

## भाग : २

दुल्लू नगरपालिका, नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## स्वयंसेवक ब्यूरो गठन तथा परिचालन निर्देशिका, २०७९

**प्रस्तावनाः**

दुल्लू नगरपालिका पहिरो, बाडी, बालिमा लाग्ने रोग किरा, हावाहुरी, असिना, आगलगी, सुख्खा खडेरी, चटयाङ, जंगली जनावर आक्रमण, महामारी, सडक दुर्घटना, आदि प्रकोपहरुसँग सम्मुख रहेको, जसको कारण बर्षेनी ठूलो जनधनको क्षति, पूर्वाधार तथा अन्य संरचनाहरु प्रभावित एवं नष्ट भइरहेको सन्र्दभमा प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट हुन सक्ने जोखिम न्यूनीकरण गर्न र विपद्को अवस्थामा स्थानीय समुदायका ब्यक्तिहरुले नै विपद्को पहिलो प्रतिकार्य गर्ने अवस्था हुने भएकोले, पूर्वतयारी, विपद् प्रतिकार्य र विपद् पुनर्लाभका क्रियाकलापमा स्थानीय तहमा दक्ष जनशक्तिको कमी, पर्याप्त जनचेतनाका साथै वित्तीय तथा भौतिक स्रोतको कमी रहेको अवस्थामा पनि विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय स्वयंसेवकहरूको भूमिका अपरिहार्य भएकोले, विपद् पूर्वतयारी र विपद् प्रतिकार्य क्षेत्रमा स्वयंसेवकहरुलाई प्रभावकारी र व्यवस्थित रुपमा परिचालन र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले दुल्लू नगरकार्यपालिकाले यो निर्देशिका जारी गरेको छ ।

### परिच्छेद – एक

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यो निर्देशिकाको नाम "स्वयंसेवक ब्यूरो गठन तथा परिचालन निर्देशिका, २०७९" रहेको छ ।

(ख) यो निर्देशिका दुल्लू नगरकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** (क) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "निर्देशिका" भन्नाले "स्वयंसेवक ब्यूरो गठन तथा परिचालन निर्देशिका, २०७९" सम्झनु पर्छ ।

(ख) "स्वयंसेवा" भन्नाले व्यक्तिगत स्वार्थका निम्ति आर्थिक, सामाजिक तथा राजनैतिक फाइदावाट उत्प्रेरित नभईकन स्वेच्छाले निःस्वार्थ रुपमा परम्परागत रुपमा समाजमा विद्यमान रहेका तथा व्यावसायिक र संगठित रुपले संचालन भैरहेका रुवयंसेवी कृयाकलापहरुलाई सम्झनु पर्छ ।

(ग) "नगर स्वयंसेवक" भन्नाले दुल्लू नगरपालिकाका वडा तथा समुदायस्तरमा गठन भएका विपद् पूर्वतयारी, प्रतिकार्यका लागि प्राथमिक उपचार, आधारभुत खोज तथा उद्धार, अग्नी नियन्त्रण, विपद् पश्चातको लेजाजोखा तथा अन्य विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन सम्बन्धी तालिम प्राप्त विना पारिश्रमिक वा आंशिक पारिश्रमिक स्वेच्छाले खटिने जनशक्ति सम्झनुपर्छ । उक्त शब्दले स्वयंसेवक तथा सामुदायिक विपद् प्रतिकार्य टोलीलाई समेत सम्झनुपर्छ ।

(घ) "सूचीकरण" भन्नाले यस निर्देशिका बमोजिम स्वयंसेवक व्यक्ति वा स्वयंसेवक सञ्चालन गर्ने संघ, संस्थालाई नगर विपद् तथ्याङ्क तथा सूचना प्रणालीमा प्रविष्ट गर्ने प्रकृया र परिणामलाई सम्झनुपर्छ ।

(ङ) "बहुसरोकारवाला" भन्नाले दुल्लू नगरपालिकाका वडा, स्थानीय सुरक्षा निकाय तथा स्थानीय समुदाय लगायतका विपद् व्यवस्थापनसँग सम्बन्धित कार्य गर्ने सरकारी तथा गैरसरकारी निकाय, संघ/संस्था एवम् निजी क्षेत्र समेतलाई सम्झनुपर्छ ।

(च) "ऐन" भन्नाले दुल्लू नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन सम्झनुपर्छ ।

(छ) "संघीय ऐन" भन्नाले नेपालको संघीय संसदले बनाएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संसोधन सहित) सम्झनुपर्छ ।

(ज) "कार्यपालिका" भन्नाले दुल्लू नगरपालिकाको कार्यपालिकालार्य सम्झनुपर्छ ।

(झ) "राष्ट्रिय स्वयंसेवक व्यूरो" भन्नाले संघीय सरकारले गठन गरेको केन्द्रिय स्वयंसेवक व्यूरो सम्झनुपर्छ ।

(ञ) "प्रदेश स्वयंसेवक व्यूरो" भन्नाले प्रदेश सरकारले गठन गरेको प्रदेश स्तरीय स्वयंसेवक व्यूरो सम्झनुपर्छ ।

## परिच्छेद – दुई

## मार्गदर्शक सिद्धान्त र उद्देश्य

**३. स्वयंसेवक परिचालन र स्वयंसेवक ब्यूरोका मार्गदर्शक सिद्धान्तः** (१) यस निर्देशिका बमोजिम गठित स्वयंसेवक ब्यूरोले कार्यसम्पादन गर्दा देहायका मार्गदर्शक सिद्धान्तको अवलम्बन गर्नुपर्नेछ ।

(क) मानवताका सिद्धान्तहरु

(ख) सबै सरोकारबालाहरुको समुचित सहभागिता

(घ) समुदायसँग तथा सम्बन्धित संघसंस्था बीच परस्पर सहकार्य

(ङ) लैङ्गिक समानता तथा सामाजिक समावेशिता

(च) ऐक्यबद्धता

(छ) निष्पक्षता

(ज) ईमान्दारिता तथा निष्ठा

(झ) तटस्थता

(२) उपदफा (१) मा उल्लेखित मार्गदर्शक सिद्धान्तहरुलाई स्वयंसेवक ब्यूरो, स्वयंसेवाका लागि खटिने स्वयंसेवक तथा सामुदायिक विपद् प्रतिकार्य टोलीहरुले पालना गर्नुपर्नेछ ।

(३) उपदफा (१) मा उल्लेखित मार्गदर्शक सिद्धान्तहरुलाई स्वयंसेवक सङ्गठित र परिचालन गर्ने अन्य संघ/संस्था वा निकायले समेत पालना गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुशासन तथा आचारसंहिता तयार गर्दा अन्तर्राष्ट्रिय मानवीय कानुन र मूल्य मान्यता, प्रचलित कानुन, स्थानीय समुदायका सांस्कृतिक मुल्य मान्यता, लैङ्गिक समता, फरक क्षमता भएका व्यक्तिहरूको आधारभुत अधिकार र मानव अधिकारको रक्षाका बिषयलाई समेत ध्यान दिनुपर्नेछ ।

**४. उद्देश्य:** (१) यस निर्देशिकाको मुख्य उद्देश्य प्राकृतिक र गैरप्राकृतिक विपद्को जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य, राहत वितरण तथा व्यवस्थापनका लागि स्वयंसेवकहरुको व्यवस्थित, मर्यादित तथा संस्थागत विकास र परिचालन गरी गोदावरी नगरपालिकाको विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्य क्षमता संस्थागत एवं सुदृढ गर्नु हो । यस निर्देशिकाका अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

(क) विपद् व्यवस्थापनका विभिन्न विषय क्षेत्रमा स्वयंसेवकहरुको उत्पादन, गठन तथा विकास गर्नु ।

(ख) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा स्वयंसेवकहरूलाई सङ्गठित गर्नु, उनीहरूको ज्ञान, सीप, दक्षता, अनुशासन र क्रियाशीलता बढाउनु, संस्थागत विकास र परिचालनका लागि नगरपालिका, वडा तथा समुदायस्तरमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको संस्थागत संरचनाको व्यवस्था गर्नु ।

(ग) स्वयंसेवक संगठित तथा परिचालन गर्ने संघ संस्था वा निकायका प्रयासलाई एकिकृत, व्यवस्थित र सुदृढ गर्नु ।

(घ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा परिचालन हुने स्वयंसेवकहरुबीच आपसी सहयोग, समझदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउनु ।

(ङ) विपद् प्रतिकार्यमा परिचालन हुने विभिन्न संघ संस्थाहरुबीचको सहयोग र सहकार्यलाई प्रवर्धन गरी स्वयंसेवकहरूको परिचालन र व्यवस्थापनमा सहजीकरण गर्नु ।

(च) नगरस्तरीय तथा समुदाय स्तरमा, स्वयंसेवकहरुको कार्यलाई सम्मानित तथा मर्यादित बनाउनु ।

(छ) विपद व्यवस्थापनको क्षेत्रमा स्थानीय समुदायको क्षमता अभिवृद्धि गर्नु

**५. नगरस्तरीय स्वयंसेवक ब्यूरोको गठन र सञ्चालन सम्बन्धी व्यवस्था**

(१) नगरपालिकामा नगर विपद् व्यवस्थापन समितिका अध्यक्ष वा अध्यक्षले तोकेको सदस्यको संयोजकत्वमा आवश्यक संख्यामा नगर स्वयंसेवक ब्यूरो गठन गरिनेछ। उक्त ब्यूरोमा देहायका निकाय वा संस्थाका प्रमुख वा प्रतिनिधि सदस्य रहने गरी ११ जना सदस्य हुनेछन्।

(क) नगर विपद् व्यवस्थापन समितिका सदस्यहरुमध्ये अध्यक्षले तोकेको सदस्यः संयोजक

(ख) वडा विपद् व्यवस्थापन समितिका पदाधिकारीहरु मध्येबाट नगर विपद् व्यवस्थापन समितिले तोकेको ३ जना महिलासहित ५ जना : सदस्य

(ग) प्रमुख वा प्रतिनिधि, नेपाल रेडक्रस सोसाईटी शाखा, दुल्लुः सदस्य

(घ) प्रमुख वा प्रतिनिधि, नगर आपतकालिन कार्यसंचालन केन्द्रः सदस्य

(ङ) प्रमुख वा प्रतिनिधि, नगरपालिकाको बारुणयन्त्र संचालन ईकाइ : सदस्य

(च) प्रमुख वा प्रतिनिधि, नगर प्रहरी : सदस्य

(छ) महिला तथा बालबालिका शाखा प्रमुख : सदस्य

(ज) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा क्रियाशील दुल्लू नगरपालिका अर्न्तगतका संघ/संस्था वा निकायका प्रमुख वा प्रतिनिधि मध्ये नगरपालिका स्वयंसेवक ब्यूरो संयोजकले मनोनयन गरेका कम्तीमा १ (एक) जना महिला सहित ३ (तिन ) जनाः सदस्य

(झ) विपद् व्यवस्थापन शाखा प्रमुख : सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठन भएको स्वयंसेवक ब्यूरोको बैठकमा जिल्ला र नगरस्तरीय विपद् व्यवस्थापन सक्बन्धि काम गर्ने निकाय, संघ संस्था एवं समितिका प्रमुख तथा प्रतिनिधीहरुलाई विषेश आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा ५(१) बमोजिम मनोनित सदस्यहरुको नामावली तथा सम्पर्क नम्बर वार्षिक रुपमा अद्यावधिक गरिनेछ र कुनै सदस्यले कुनै कारणवस जिम्मेवारी छोडेर गएको अवस्थामा, विपद ब्यवस्थापन समितिको निर्णयबाट नयाँ सदस्य थप गरिनेछ।

(४) उपदफा ५ (१) बमोजिम ब्यूरोको गठन नभएको अवस्थामा स्थानीय विपद् व्यवस्थापन समितिले ब्यूरोको काम, कर्तव्य र अधिकार प्रयोग गर्न गराउन सक्नेछ।

(५) उपदफा ५(१) बमोजिम गठन भएको स्वयंसेवक ब्युरोले नगर विपद व्यवस्थापन समितिलाई नियमित रुपमा जानकारी तथा प्रतिवेदन पेश गर्नुपर्नेछ।

**६. नगर स्वयंसेवक ब्यूरोको बैठकसम्बन्धी व्यवस्थाः**

(१) नगर स्वयंसेवक ब्यूरोको बैठक संयोजकको अध्यक्षतामा सामान्यतया कम्तीमा वर्षको ४ पटक र आवश्यकता अनुसार थप बस्न सक्नेछ।

(२) बैठक सञ्चालनको कार्यविधि नगर स्वयंसेवक ब्यूरो आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) नगर स्वयमसेवक व्यूरोको बैठक सञ्चालन खर्च नगर विपद् व्यवस्थापन कोष वा अन्य सम्वन्धित कोषबाट भुक्तानी हुनेछ।

**७. नगर स्वयंसेवक ब्यूरोको काम, कर्तव्य र अधिकारः** (१) नगर स्वयंसेवक ब्यूरोको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्वयंसेवक परिचालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक आचारसंहिता र कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

(ख) नगर स्वयंसेवक ब्यूरोले स्थानीय संघ सस्था तथा समुहको गठन, क्षमता विकास, परिचालन र व्यवस्थापनमा आवश्यक सहयोग, समन्वय र सहकार्य गर्नेछ ।

(ग) नगरपालिका स्तरमा क्रियाशील स्वयंसेवी संघ संस्था, समुह र स्वयंसेवकको अभिलेख राख्ने वा राख्न लगाउनेछ ।

(घ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा खटिने स्वयंसेवी संघ, संस्था समुह वा स्वयंसेवकलाई तोकिएको निर्देशिका, मापदण्ड र आचारसंहिता पालना गर्न लगाउनेछ ।

(ङ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा स्वयंसेवकको परिचालन तथा व्यवस्थापन सम्बन्धी अन्य आवश्यक काम गर्नेछ ।

**८. नगरस्वयंसेवक ब्यूरोको सचिवालय सम्बन्धी व्यवस्थाः**

(१) नगर स्वयंसेवक ब्यूरोको सचिवालय विपद् व्यवस्थापन शाखामा रहनेछ ।

(२) नगर स्वयंसेवक ब्यूरोको लागि आवश्यक जनशक्ति र साधन स्रोतको व्यवस्था नगरपालिकाले गर्नेछ ।

(३) नगर स्वयंसेवक ब्यूरोले आफ्ना कार्यक्रमहरू सञ्चालन गर्दा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन क्षेत्रमा नगरपालिका तहमा क्रियाशील संघ/संस्था र निकायहरूसँग आवश्यक समन्वय, सहकार्य तथा साझेदारी गर्न सक्नेछ ।

**९. वडा स्वयंसेवक समिति गठन र काम कर्तव्य र अधिकार**

(१) वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यको संयोजकत्वमा टोल विकास संस्था, महिला समूह, स्थानीय क्लबका प्रतिनिधिहरु, स्थानीय शिक्षक, रेडक्रस, अवकाश प्राप्त प्रहरी तथा सेनाका प्रतिनिधिहरु, सामाजिक क्लवका प्रतिनिधिहरु, संकटासन्न समूहका प्रतिनिधिहरु र अन्य सामाजिक अभियान्ताहरु मध्येबाट सबै बस्ती/टोलको प्रतिनिधित्व हुनेगरी वडा स्तरीय स्वयंसेवक ब्यूरो वा विपद् प्रतिकार्य स्वयंसेवक समिति गठन गरिनेछ । स्वयंसेवकका लागि छनौट गर्दा समुदायमा स्थायी रुपमा बसोबास गरिरहेका र नियमित रुपमा समुदाय स्तरमै सामाजिक सेवा वा स्वयंसेक सेवामा लागि रहेका विषयवस्तुसंग जानकार वा दक्ष ब्यक्तिहरुलाई प्राथमिकता दिईनेछ ।

(२) उपदफा ५(१) बमोजिम गठित समितिको ज्ञान, सीप वा क्षमता विकास गर्दा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कुनै निश्चित विषयक्षेत्रको ज्ञान, सीप सम्बन्धी तालिमका साथै विपद्का समयमा बढी जोखिममा हुने महिला, बालबालिका, जेष्ठ नागरिक, शारीरिक रुपमा कमजोर र अशक्तहरुलाई दिनुपर्ने प्राथमिकता सम्बन्धमा समेत प्रशिक्षण दिईनेछ ।

(३) वडा स्वयंसेवक समितिको बैठक कम्तीमा वर्षको ४ पटक वा आवश्यकता अनुसार हुनेछ ।

(४) संयोजकको अनुपस्थितिमा उपस्थित सदस्यहरू मध्ये ज्येष्ठ सदस्यको अध्यक्षतामा बैठक बस्न सक्नेछ ।

(६) बैठक सञ्चालनको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) वडा स्वयंसेवक समितिको अन्य भूमिका, जिम्मेवारी तथा उत्तरदायित्व, सम्बन्धित नगर स्वयंसेवक ब्यूरोले तोके बमोजिम हुनेछ ।

**१०. सामुदायिक स्वयं सेवक ब्युरो वा विपद् प्रतिकार्य टोली गठन र परिचालनः**

(१) टोल विकास संस्था, महिला समूह, स्थानीय क्लबका प्रतिनिधिहरु, स्थानीय शिक्षक, रेडक्रस, अवकास प्राप्त प्रहरी तथा सेनाका प्रतिनिधिहरु र अन्य सामाजिक अभियान्ताहरु मध्येबाट वडा समितिमा प्रतिनिधित्व गर्ने व्यक्तिको संयोजकत्वमा सामुदायिक स्वयं सेवक ब्युरो वा विपद् प्रतिकार्य टोली गठन गर्न सकिनेछ । सामुदायिक विपद् प्रतिकार्य टोली लाई स्वयंसेवाको विषयक्षेत्र, कामको प्रकृति र विपद् प्रभावको स्तर अनुसार दफा ११ बमोजिम विभिन्न विषयक्षेत्रमा वर्गीकरण गरिनेछ ।

(२) समुदायस्तरमा गठित सामुदायिक स्वयं सेवक ब्युरो वा निवपद् प्रतिकार्य टोलीको ज्ञान, सीप वा क्षमता विकास गर्दा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कुनै निश्चित विषयक्षेत्रको ज्ञान, सीप सम्बन्धी तालिम दिनुका साथै विपद् का समयमा बढी जोखिममा हुने महिला, बालबालिका, जेष्ठ नागरिक , शारिरीकरुपमा कमजोर र असक्त व्यक्तिहरुलाई दिनुपर्ने प्राथमिकता सम्बन्धमा समेत प्रशिक्षण दिनुपर्नेछ ।

(३) सामुदायिक विपद् स्वय. सेवक ब्युरो वा प्रतिकार्य टोलीको बैठक र परिचालन आवश्यकता अनुसार हुनेछ । संयोजकको अनुपस्थितिमा उपस्थित सदस्यहरू मध्ये ज्येष्ठ सदस्यको अध्यक्षतामा बैठक बस्न सक्नेछ ।

(५) सामुदायिक विपद् प्रतिकार्य टोलीको अन्य भूमिका, जिम्मेवारी तथा उत्तरदायित्व सम्बन्धी व्यवस्था नगर स्वंयमसेवक ब्यूरोले तोकेबमोजिम हुनेछ ।

**११. स्वयंसेवक सम्बन्धी व्यवस्थाः** (१) विभिन्न प्रकारका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक पर्ने ज्ञान, सीप र क्षमता अनुसार देहायका क्षेत्रहरु वर्गीकरण गरी स्वयंसेवक परिचालन गर्न सकिनेछ ।

(क) विभिन्न विपद् जोखिम सम्बन्धी सचेतना तथा पूर्वसूचना सम्बन्धी विषय,

(ख) विपद्मा परेका व्यक्तिहरुको खोज तथा उद्धार सम्बन्धी विषय,

(ग) प्राथमिक उपचार तथा आधारभूत स्वास्थ्योपचार सम्बन्धी विषय,

(घ) बाढी, पहिरो, नदि कटान, आगलागी, चट्याङ, सडक दुर्घटना, हवाई दुर्घटना लगायतका विपद् मा खोज, उद्धार गर्न आवश्यक पर्ने विशेष विषय,

(ङ) विपद् बाट भएको क्षतिको द्रुत लेखाजोखा र विपद् प्रभावितहरूका लागि जीवनयापनका लागि आवश्यक पर्ने सहायताको लेखाजोखा सम्बन्धी विषय,

(च) सामाजिक सुरक्षा तथा मनोसामाजिक परामर्श सम्बन्धी विषय,

(छ) खाद्य लगायतका राहत सामाग्रीको वितरण तथा व्यवस्थापन सम्बन्धी विषय,

(ज) अस्थायी आश्रयस्थल, क्याम्प वा क्वारेन्टाइन व्यवस्थापन सम्बन्धी विषय,

(झ) महिला, बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका ब्यक्ति, लैगिंक तथा यौनिक अल्पसंख्यक, शारिरीक असक्त व्यक्तिहरुको संरक्षण र संवर्द्धन सम्बन्धी विषय,

(ञ) नगर स्वयंसेवक ब्यूरोले तोकेका अन्य विषयहरु,

(२) उपदफा (१) बमोजिमका सामुदायिक विपद् प्रतिकार्य टोलीहरुको परिचालन तथा व्यवस्थापन सम्बन्धमा यो निर्देशिकाको अधिनमा रही नगर स्वयंसेवक ब्यूरोले आवश्यक आचारसंहिता तर्जुमा गरी लागु गर्न सक्नेछ ।

**१२. स्वयंसेवकको योग्यताः** (१) विभिन्न विषयक्षेत्रमा सेवा गर्ने स्वयंसेवकको न्यूनतम योग्यता र अनुभव नगर स्वयंसेवक ब्यूरोले निर्धारण गरे बमोजिम हुनेछ । साथै नगर स्वयंसेवक ब्यूरोले स्वयंसेवकको कार्यक्षेत्र र विषयक्षेत्र अनुसारको अनुभव, योग्यता ज्ञान, सीप, क्षमता अभिवृद्धि, स्तर निर्धारण र प्रमाणित गर्न आवश्यक मापदण्ड निर्धारण गरी लागु गर्नेछ । वडा स्वयंसेवक समिति र सामुदायिक विपद् प्रतिकार्य टोलीलाई नगर स्वयमसेवक ब्यूरोले क्षमता अभिवृद्धि गर्नुपर्नेछ ।

(२) नगर स्वयंसेवक ब्यूरोले प्रदेश स्वयंसेवक ब्यूरो वा सम्बन्धित सरोकारवालाहरूसँग समेत आवश्यक समन्वय गरी बिभिन्न विषयक्षेत्रका स्वयंसेवकहरुको क्षमता विकास गर्नेछ ।

**१३. स्वयंसेवक सङ्गठित हुनुपर्नेः** (१) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका विभिन्न क्षेत्रमा स्वयंसेवकको रुपमा काम गर्न वा परिचालन हुन ईच्छुक व्यक्ति र अनुमति प्राप्त संघ, संस्था वा निकायहरु सङ्गठितरुपमा परिचालित हुनु पर्नेछ ।

(२) कुनै व्यक्ति विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा स्वयंसेवकको रुपमा परिचालन हुँदा निज आफू सङ्गठित संस्थाको प्रतिनिधित्व गरी परिचालित हुनसक्नेछ ।

(३) उपदफा (२) बमोजिम परिचालन हुने स्वयंसेवकले आफू सङ्गठित भएको संस्थाको नियमानुसारको सेवा सुविधा पाउनेछ ।

**१४. स्वयंसेवकको काम, कर्तव्यः** (१) स्वयंसेवकको काम कर्तव्य देहाय बमोजिम हुनेछ ।

(क) यस निर्देशिका र अर्न्तगत बनेका आचारसंहिताको पालना गर्ने ।

(ख) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा परिचालन हुँदा नगर स्वयंसेवक ब्यूरोले तोकेको कार्यशर्त बमोजिम नैतिकवान भई, निश्पक्ष रुपले कार्य सम्पादन गर्ने ।

(ग) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा परिचालन हुँदा प्राप्त स्रोत तथा अधिकारको जिम्मेवारी एवम् जवाफदेही भई पारदर्शी तथा प्रभावकारी रुपमा उपयोग गर्ने ।

**१५. स्वयंसेवकको आचारसंहिताः**

(१) स्वयंसेवकले स्वयंसेवीको रुपमा परिचालन हुदाँ साथै व्यक्तिगत जीवनमा समेत असल आचरण र तोकिएको आचार संहिता पालन गर्नुपर्ने छ ।

(२) स्थानीय विपद् व्यवस्थापन समितिले स्वयंसेवकले पालना गर्नुपर्ने आचार संहिता तयार गरी लागु गर्नेछ ।

(३) माथि न. २ बमोजिमको आचार संहिता तयार गर्दा प्रदेश वा संघीय सरकार तथा राष्ट्रिय ब्युरोले निर्धारण गरेका संहिताको समेत पालना हुने गरी गरिने छ ।

**१६. विज्ञहरुबाट स्वयंसेवा लिन सकिनेः**

(१) स्वयंसेवा र स्वयंसेवक तथा स्वयंसेवी संस्थाहरुको क्षमता अभिवृद्धि तथा परिचालन जस्ता विषयहरुमा अनुसन्धान वा विभिन्न कामको योजना तयार गर्न वा कार्यान्वयनमा सहयोग गर्न स्थानीय विपद् व्यवस्थापन समितिले सम्बन्धित विषयका विज्ञहरुको सहयोग वा परामर्श लिन सहकार्य गर्न सक्नेछ ।

(२) माथि न ५(१) बमोजिम परिचालन हुने स्वयंसेवकको काम, कर्तव्य र निजले पुरा गर्नुपर्ने दायित्व नगरको सम्बन्धित निकायले निजलाई उपलब्ध गराएको कार्यशर्त वा कार्यसूचि बमोजिम हुनेछ ।

(३) माथि न ५(१) बमोजिम परिचालन हुने स्वयंसेवकको सुविधा सम्बन्धित निकायले तोके बमोजिम वा निज सङ्गठित संस्थाले उपलब्ध गराउने हकमा उक्त संस्थाले तोके बमोजिम हुनेछ ।

१७. **स्वयंसेवकको क्षमता विकास सम्बन्धी व्यवस्थाः** (१) स्वयंसेवकको क्षमता विकासका लागि नगर स्वयंसेवक ब्यूरोले देहाय बमोजिमका कार्यहरु गर्नुपर्नेछः

(क) स्वयंसेवक आवद्ध विषयक्षेत्रसँग सम्बन्धित शिक्षा, तालिम, प्रशिक्षण र अभ्यास प्रदान गर्ने ।

(ख) स्वयंसेवकलाई तोकिएको कार्यसम्पादनका लागि आवश्यक मेशिन, औजार, उपकरण र अन्य सामग्रीहरु उपलब्ध गराउने ।

(ग) बिभिन्न प्रकोपबाट हुने सम्भावित विपद् परिदृष्यमा आधारित कृत्रिम घटना अभ्यास गराउने र यसका लागि स्थानीय तहमा नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीसँग समन्वय गरी सहयोग लिने ।

(घ) स्वयंसेवकको क्षमता विकाससम्बन्धी अन्य काम गर्ने, गराउने ।

(२) नगर स्वयंसेवक ब्यूरोले स्वयंसेवकको क्षमता विकासका लागि आवश्यक कार्य योजना बनाई कार्यान्वयन गर्नु, गराउनुपर्नेछ ।

(३) नगर स्वयंसेवक ब्यूरोले स्वयंसेवकको क्षमता विकास गर्न प्रचलित कानुन बमोजिम सम्बन्धित संघ संस्था वा निकायसँग साझेदारी र सहकार्य गर्न सक्नेछन् ।

**१८. स्वयंसेवकको वीमा र स्वास्थ्य उपचारसम्बन्धी व्यवस्थाः**

(१) स्वयंसेवक सङ्गठित र परिचालन गर्ने संघ/संस्था वा निकायले आफुसँग सङ्गठित स्वयंसेवकको आवश्यक औषधोपचार र प्रचलित नियम बमोजिम दुर्घटना वीमा गर्नु, गराउनु पर्नेछ ।

(२) स्वयंसेवक सङ्गठित र परिचालन गर्ने संघ, संस्था वा निकाय सूचीकृत गर्दा त्यस्ता संघ/संस्था वा निकायको विवरण अद्यावधिक गर्दा वा दर्ता नवीकरण गर्दा सम्बन्धित संस्थाले स्वयंसेवकको औषधि उपचार र दूर्घटना विमा सम्बन्धी व्यवस्था भए नभएको सुनिश्चित गर्नुपर्नेछ ।

(३) कुनै स्वयंसेवकको सम्बन्धित संघ संस्था वा निकायले औषधि उपचार र दुर्घटना विमा सम्बन्धी व्यवस्था गरेको नपाईएमा नगर स्वयंसेवक ब्यूरोले औषधि उपचार र दूर्घटना विमा सम्बन्धी व्यवस्था गर्नु गराउनु पर्नेछ ।

**१९. स्वयंसेवकको सेवा स्तरोन्ति र निवृति सम्बन्धि व्यवस्थाः**

(१) स्थानीय विपद् व्यवस्थापन समितिले स्वयंसेवकको कार्य क्षमताको आधारमा स्तरोन्नति गर्न मूल्याङ्कन कार्यविधि र सूचकहरु निर्धारण गरी नगरकार्यपालिकाबाट स्वीकृत भएपछि लागु गर्नेछ । सूचकहरु निर्धारण गर्दा महिला हिंसामा शुन्य सहनशिलता र लैंगिक समावेशिकरणमा उत्कृष्ट काम गरेको हुनुपर्नेछ ।

(२) स्थानीय विपद् व्यवस्थापन समितिले स्वयंसेवकको सेवा अवधि र योगदानका आधारमा गरिने सम्मान लगायतका विविध बिषयमा कार्यविधि र मापदण्ड तयार गरी नगरकार्यपालिकाबाट स्वीकृत भएपछि लागु गर्नेछ ।

२०. **स्वयंसेवाको कदर तथा सम्मान**ः (१) स्वयंसेवकको कार्यसम्पादन मूल्याङ्कनको आधारमा नगर ब्यूरोले नगद पुरस्कारका साथै प्रोत्साहन वा कदर गर्न सक्नेछ । यस सम्बन्धी विधि र मापदण्ड नगर ब्यूरोले निर्धारण गरे बमोजिम हुनेछ ।

**२१. स्वयंसेवाको सेवामुक्त सम्बन्धि व्यवस्थाः**

(१) स्वयंसेवकले पालना गर्नुपर्ने नियम, आचार संहिता, अनुशासनको पालना नगरेमा स्थानिय विपद् व्यवस्थापन समितिले स्वयंसेवकबाट हटाउन सम्बन्धित संघ, संस्थालाई निर्देशन दिनेछ । संस्थाले सो निर्देशनको तत्काल लागु गर्नुपर्नेछ ।

(२) स्वयंसेवकले कुनै कसुर गरेमा निजको मात्रा र प्रकृति बमोजिम सम्बन्धित निकायबाट प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

**२२. नगरपालिकाको भूमिकाः**

(१) नगरपालिकाको भूमिका देहाय बमोजिम हुनेछ :

(क) नगर स्वयंसेवक ब्यूरोका साथै वडा तथा समुदायतहमा स्वयंसेवक समूहहरु गठन र सञ्चालन गर्न सहयोग गर्ने ।

(ख) नगरपालिका विपद् व्यवस्थापन समिति वा ब्यूरोले पेश गरेको स्वयंसेवक विकास तथा परिचालन योजना नगरकार्यपालिकाबाट स्वीकृत गरी लागु गर्ने, गराउने ।

(ग) नगरपालिका अर्न्तगत विपद् पूर्वतयारी र विपद् प्रतिकार्यमा स्वयंसेवकको प्रबन्ध र प्रभावकारी परिचालन गर्न स्वयंसेवक सङ्गठित र परिचालन गर्ने संघ /संस्था वा निकायसँग समन्वय र सहकार्य गर्न नगर स्वयंसेवक ब्यूरोलाई सहयोग गर्ने ।

(घ) स्वयंसेवक विकास र परिचालनका लागि उपलब्ध स्थानीय स्रोत परिचालन गर्नुका साथै प्रदेश सरकार र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँग समन्वय गरी अन्य आवश्यक स्रोत साधन जुटाउन नगरपालिका ब्यूरोलाई सहयोग गर्ने ।

(ङ) स्वयंसेवक विकास र परिचालनका लागि रेडक्रस, राजनैतिक दलहरू, अन्य सामाजिक संघ/संस्था वा निकायहरूसँग सहकार्य र समन्वय गर्न नगर स्वयंसेवक ब्यूरोलाई सहयोग गर्ने,

(च) नगर स्वयंसेवक ब्यूरो, वडा स्वयंसेवक परिचालन समिति र सामुदायिक विपद् प्रतिकार्य टोलीहरूले गरेका कार्यको अनुगमन, मूल्याङ्कन गर्ने गराउने ।

(छ) स्वयंसेवक परिचालन र व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्थापन गर्ने ।

(ज) स्वयंसेवक हुन चाहने संस्था वा व्यक्तिहरुबाट स्थानीय विपद् व्यवस्थापन समितिले फारम भराई स्वयंसेवकहरुको सूचीकरण गरी विवरण अद्यावधिक गर्ने ।

**२३. सुरक्षा निकायको भूमिकाः** (१) सुरक्षा निकायको भूमिका देहाय बमोजिम हुनेछः

(क) नगर स्वयंसेवक ब्यूरोले, नगर, वडा तथा समुदायमा रहेका स्वयंसेवकको क्षमता विकासका लागि माग बमोजिम आवश्यक तालिम तथा अभ्यास प्रदान कार्यमा सहयोग गर्ने ।

(ख) विपद् पूर्वतयारी अभ्यास र विपद् प्रतिकार्य सम्बन्धी क्रियाकलापहरुमा सम्बन्धित स्वयंसेवक ब्यूरो र स्वयंसेवक समूहबीच समन्वय र सहकार्य गर्ने ।

(ग) स्वयंसेवक परिचालन आचारसंहिता र अनुशासनको पालना गर्न, गराउन सहयोग गर्ने ।

२४. **विषयगत सरकारी निकायको वा कार्यालयहरूको भूमिका:** (१) नगरपालिकाका विषयगत शाखा, आफ्नो विषयक्षेत्रसँग सम्बन्धित स्वयंसेवक उत्पादन गर्ने, क्षमता विकास गर्ने र प्रभावकारी परिचालन गर्ने सम्बन्धमा नगर स्वयंसेवक ब्यूरोलाई सहयोग र समन्वय गर्ने ।

२५. **गैरसरकारी संघ संस्था, राजनीतिक दल र निजी प्रतिष्ठानहरूको भूमिका:** (१) गैरसरकारी संघ संस्था, राजनितिक दल र निजी प्रतिष्ठानहरुको भूमिका देहाय बमोजिम हुनेछः

(क) विपद्  पूर्वतयारी तथा विपद् प्रतिकार्यको समयमा नगर स्वयंसेवक ब्यूरो र सुरक्षा निकायहरुबीच सहयोग, समन्वय र सहकार्य गरी जनधनको रक्षा गर्ने ।

(ख) निर्देशिका र आचारसंहिता अर्न्तगत रही आफ्नो विषयक्षेत्र अनुरुपका स्वयंसेवक सङ्गठित गर्न, सूचीकरण गर्न, क्षमता विकास गर्न र परिचालन गर्न नगरपालिका स्वयंसेवक ब्यूरोसँग आवश्यक समन्वय र सहकार्य गर्ने ।

२६. **बजेट तथा आर्थिक व्यवस्था:**

(१) विभिन्न विषयक्षेत्रमा स्वयंसेवक सङ्गठित गर्न, क्षमता विकास गर्न र परिचालन गर्न आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछः

(क) नगरपालिकाभित्र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि खटिएका स्वयंसेवकहरुका लागि नगरपालिकाले बजेटको व्यवस्था गर्नेछ ।

(ख) सरकारी, गैरसरकारी संघ, संस्था वा निजी क्षेत्रबाट खटिएका स्वयंसेवकको उचित आवश्यक खर्च, औषधि उपचार व्यवस्था र बिमाको प्रवन्ध स्वयंसेवक सङ्गठित र परिचालन गर्ने संघ/संस्था वा निकायले गर्नुपर्नेछ ।

(ग) स्वयंसेवक सङ्गठित गर्ने संघ/संस्था वा निकायले आफूसँग संगठित वा आवद्ध स्वयंसेवकलाई निजले गर्ने कामको प्रकृति, विषयक्षेत्र र कार्यबोझ अनुसार स्वयंसेवामा खट्दा आवश्यक पर्ने न्यूनतम बन्दोबस्तीका सामाग्री, पोशाक, व्यक्तिगत सुरक्षा र आधारभुत आवश्यकता सम्बोधन गर्ने सेवा सुविधा उपलब्ध गराउनुपर्नेछ ।

(२) नगरपालिकाले आवश्यकता अनुसार स्वयंसेवक परिचालन गर्न बजेट विनियोजन गर्ने, खर्चको फाँटवारी राख्ने र आर्थिक कारोवारको लेखापालन र लेखा परीक्षण गराउने साथै समय समयमा खर्चको विवरण सार्वजनिक गर्नुपर्नेछ ।

(३) गैरसरकारी संघ/संस्था वा निकाय र निजी प्रतिष्ठान लगायत मानवीय सहायतामा क्रियाशील जुनसुकै सङ्गठन मार्फत परिचालन हुने स्वयंसेवक परिचालन खर्चको लेखा परीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

२७. **निर्देशिका लागू हुने तथा कार्यान्वयन:** यो निर्देशिका विपद व्यवस्थापन समितिको सिफारिसमा नगर सभाले नगर कार्यपालिकाले अनुमोदन गरेपछि लागू भएको मानिनेछ ।

२८. **अनुगमन तथा मूल्याङ्कन**

नगर भित्र ब्यूरोले विपद्  जोखिम र न्यूनीकरण तथा व्यवस्थापनका लागि गरिएका कामको उपलब्धी लगायतको अनुमगन मुल्याङ्कनको जिम्मेवारी ब्यूरोका संयोजक तथा नगर विपद्  व्यवस्थापन समितिबाट हुनेछ ।

२९. **अभिलेख तथा प्रतिवेदन**

स्वयंसेबक ब्यूरोको विपद्  जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा गरेको कार्यहरुको अभिलेख राखी बार्षिक कार्यसम्पन्न प्रतिवेदन नगर स्वयंसेवक ब्यूराको संयोजक मार्फत नगर विपद्  व्यवस्थापन समिति र नगरकार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने छ । साथै  जिल्ला विपद्  व्यवस्थापन समितिलाई समेत उक्त प्रतिवेदन पेश गर्न सक्नेछ ।

**३०. वाधा, अड्काउ फुकाउने** : यो निर्देशिका कार्यान्वयन गर्दा कुनै द्विविधा वा बाधा आइपरेमा नगरकार्यपालिकाले बाधा अड्काउ फुकाउने वा द्विविधाको निवारण गर्नेछ ।

**३१. पुनरावलोकन र अद्यावधिक सम्बन्धी व्यवस्था:**

(१) नगरपालिकाले आवश्यकता अनुसार यो निर्देशिका अद्यावधिक तथा परिमार्जन गर्नेछ ।

(२) स्थानीय विपद् व्यवस्थापन समितिले आवश्यकता अनुसार यो निर्देशिकासंग सम्बन्धित अनुसूचीहरु तयार गरी नगरकार्यपालिकाको स्वीकृतिमा लागु गर्न सक्ने छ । यस्ता अनुसूचीहरु स्वतः यो निर्देशिकाको अङ्ग हुनेछन ।

(३) यो निर्देशिका आवश्यकतानुसार परिमार्जन र शंशोधन गर्न सम्पूर्ण अधिकार नगरकार्यपालिकामा रहने छ ।



आज्ञाले
ज्ञानमणि नेपाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७९।०२।३१